संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

खबर

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

मुलुकी दैनिकको नयाँ विज्ञापन दर

आवरण पृष्ठ प्रति सेमिकोलम ५००/-
भित्रि पृष्ठ प्रति सेमि कोलम ३५०/-
अन्तिम पृष्ठ प्रति सेमि कोलम ४००/-
भित्री पृष्ठ पुरा ४५,०००/-
अन्तिम पृष्ठ पुरा ६०,०००/-
आवरण पृष्ठ आधा ३५,०००/-
प्याकेज ५५,०००/
नोट: ५,००,०००/- भन्दा माथिको बिल्ला मूल्य अभिबृद्धि कर जोडिनेछ

■ बर्ष-१५, ▶▶ अंक ३७० साउन १३ बुधबार,२०७८, July–28 Wednesday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

## बत्ति आज बन्ने

❖ मुलुकी संवाद्दाता

*उदयपुर, साउन १२*

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटको लोकतान्त्रिक पिपलचोक छेउमै रहेको सिटिहल भएर बोक्से जाने सडकको बत्ति बुधबार बन्ने भएको छ ।

स्थानीयले पटक - पटक सडक बत्ती मर्मत गर्न वडाध्यक्षलाई अनुरोध गर्दा पनि बेवास्ता गरेको कारण मुलुकी दैनिकले साउन ९ गते मुलुकी दैनिकमा समाचार प्रकाशन गरेर नियमित फलोप गरीरहेको थियो ।

त्रियुगा नगरपालिकाको सडक बत्ती मर्मत गर्ने ७ जना कर्मचारीको नेतृत्व गर्ने सुन्दर चौधरीले बुधबार बत्ती बनाईदिने बताएका छन्। नगरपालिका भित्रको सडक बत्ती मर्मत गर्न भन्दै त्रियुगा नगरपालिकाले ७ जना कर्मचारी नियुक्त गरेको छ । नगरपालिका भित्र ठाउँ ठाउँमा सडक बत्ती मर्मत सम्भार गर्नुपर्ने भए पनि कर्मचारीको ढिलाईको कारण नगरबासीले कष्ट भोग्दै आएका छन् ।

# बिधुत कार्यालय उदयपुरका कर्मचारीको दुख कसले बुझ्ने ?



साउन ११ गते सोमबार राति साढे ११ बजेदेखि साउन १२ गते साढे ९ बजेसम्म उदयपुरको अबरुद्ध खुलाउने बिधुत प्राधिकरण उदयपुरका कर्मचारीहरु बाँया (देब्रे) बाट क्रमश गणेश श्रेष्ठ, क्रोशिष चौधरी, डेबिन चौधरी, मोहन केसी, उमा यादव, दिपेन्द्र कुमार यादव, रामकृष्ण राजधामी, रामचन्द्र यादब, खेमराज घिमिरे । तस्बिर- बुद्धि कुमार राई



इन्जिनियर सत्यनारायण साह

❖ बुद्धि कुमार राई

*उदयपुर, साउन १२*

साउन ११ गते सोमबार राति साढे ११ बजेको थियो एक्कासी उदयपुर जिल्लाभरको बत्ती झ्याप्प गयो। उदयपुर जिल्लाको कटारी र बेलका रामपुर बाहेक लहान जलजले बिधुत ३३ केभिको प्रशारण लाईनमा समस्या आयो । बिधुत प्रशारण केन्द्र उदयपुर गाईघाटका बितरक प्रमुख रोशण कुमार सिह बिधुत प्राधिकरण उदयपुरको कार्यालयमै रहेको निबासमा सुतिरहेका थिए। बत्ति झ्याप्प गएपछि उनी ब्युझिए र कार्यालका प्रमुख इन्जिनियर सत्य नारायण यादव साहको नेतृत्वमा बिधुत प्राधिकरण कार्यालय उदयपुरमा २५ बर्षअघिदेखि काम गरिरहेका मोहन केसी, ७ बर्षदेखि काम गरिरहेका डेबिन चौधरी, ५ बर्षअभिदेखि काम गरिरहेका u0f  - *बाँकी ३ पेजमा*

# २ दिनमा साढे ७ हजारले खोप लगाए

❖ महेश्वर चामलिङ



मंगलबार गाईघाट माविको खोपकेन्द्रमा कोरोना भाईरसको खोप लगाउन आएका त्रियुगा नगर पालिकाका ५५ बर्ष माथिका वृद्धवृद्धाहरु । तस्बिर- बुद्धि कुमार राई

*उदयपुर, साउन १२*

उदयपुरमा अघिल्लो दिनदेखि सुरु भएको कोविडविरुद्धको खोप हान्नेको संख्या साढे ७ हजार पुगेको छ । गत ९ गते दिउसो आईपुगको चाईनिज कम्पनीको भेरोसिल खोप बिभिन्न स्थानीयतहहरुले लगेर सोमबारदेखि लगाउन थालेकोमा दुईदिनमा ७ हजार ४ सय ७५ ले लगाईसकेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ ।

स्वास्थ्यका खोप सुपरभाईजर चिरञ्जिवी निरौलाका अनुसार त्रियुगा, बेलका र चौदण्डीगढी नगरपालिकामा खोप लगाउने अभियान चलाइएको छ । जस अनुसार त्रियुगाका बिभिन्न वडा गरी ७ वटा केन्द्र र त्रियुगा मावि तथा जिल्ला अस्पतालमा खोप लगाइदैछ । मंगलबार जोगीदह केन्द्रमा १ सय ७७, देउरीमा - *बाँकी २ पेजमा*



सम्पादकीय

# काम नगर्ने कर्मचारीलाई कारबाही गर ।

उदयपुरको सदरमुकाम गाईघाट रहेको त्रियुगा नगरपालिका त्यसमा पनि सदरमुकाम रहेकोले सबै प्रशासनिक निकायहरु गाईघाटमा नै सक्रिय छन् । त्रियुगा नगरपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत बिश्वराज राईले साउन १० गते आईतबार आफ्नो मातहतको कार्यालय र इकाइहरुमा छड्के गर्दा ३३ जना कर्मचारी अनुपस्थित रहेको पाए ।

जिल्ला सदरमुकाम रहेको गाईघाटमा त यस्तो अबस्था छ भने बाँकी अन्य बिकट गाउँपालिका, नगर पालिकामा झन कस्तो समस्या होला ? त्रियुगा नगर पालिकाको नगरस्तरीय स्वास्थ्य, पशु, कृषि र त्रियुगा नगरपालिकाकै कर्मचारी गरेर ३३ जना कर्मचारी एकै दिन काममा नहुनुले कर्मचारी कहाँसम्मको बदमासी हुन्छ भन्ने देखाएको छ । नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जानाकारी समेत नदिई कति कर्मचारी कार्यालय नै आएनन् भने कति कर्मचारी कार्यालयमा हाजिर गरेर आफ्नो निजि काममा गए । कति कर्मचारी कार्यालय आएर जनताको काम गर्न अल्छी गरे । त्रियुगा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मणबहादुर थापा अहिले सरुवाको लागि विदामा रहेका छन् । साउन २ गतेदेखि निमित्त प्रमुख प्रशासकिय अधिकृतको जिम्मेवारी पाएका विश्वराज राईले अब ति ३३ जना कर्मचारीलाई कस्तो कारबाही गर्छन भन्ने हेर्न बाँकी छ ।

जनताको करबाट तलब खाएर कार्यालय समयमा कार्यालय नआएर रमाना घुम्ने कर्मचारीहरु, कार्यालय नै नआउने कर्मचारीहरु, कार्यालय प्रमुखलाई नटेरी अनुमती नलिई विदा बस्ने, कार्यालय नआउने कर्मचारीलाई१ दिन कार्यालय नआएको या कार्यालय आएर पनि कार्यालय समयमा कार्यालयमा नबसी हाजिर गरेर बाहिर घुमफिर गर्ने कर्मचारीको ५ दिनको तलब काट्नुपर्छ । नगरबासीहरु कामको लागि भनेर कति आफ्नो काम समय माया मारेर कार्यालय आएका हुन्छन् उनीहरुको समय, कामको मुल्याङ्कन छैन ? निमित्त प्रमुख प्रशासकिय अधिकृत बिश्वजित राईले ति कर्मचारीहरुलाई कानुनी कारबाही गरेनन् भने उनी आफै कारबाहीमा पर्नेछन् ।



| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु ८० |
| २, अदुवा | रु १६० | १७, लोकल बोडी | रु ८० |
| ३, टमाटर | रु ६० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ६० | १९, रायो साग | रु १०० |
| ५, भेन्टा | रु ८० | २०, लट्टे साग | रु ६० |
| ६, खुर्सानी | रु २०० | २१, प्याज | रु ७० |
| ७, मुला | रु ६० | २२, निगुरो | रु २५ |
| ८, पर्बल | रु १०० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु ६० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ८० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, पर्सी | रु ५० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँका | रु ७० | *स्रोत: तरकारी बजार व्यवस्थापन समिति* | |

# कोरोनाको खोप लिमचुङबुङ, रौतामाई, कटारी र ताप्लीमा कहिले ?

❖ बेद कुमारी राई

*उदयपुर, असार १२*



जिल्लाका रौतामाई र लिमचुङबुङ गाउँपालिकामा भने १३ र १४ गते खोप लगाउने कार्यतालिका तय भएको छ । लिमचुङबुङमा ६ वटा केन्द्रमा खोप लगाउन ८ सय ६४ डोज पठाइएको छ । त्यस्तै रौतामाईमा ६ वटा केन्द्रमा सञ्चालन गर्नेगरी २ हजार १ सय १० डोज खोप पठाइएको स्वास्थ्यले जनाएको छ ।

उता कटारी नगरपालिका र ताप्ली गाउँपालिकामा आउँदो २० र २१ गते खोप लगाउने कार्यतालिका छ । स्वास्थ्य कार्यालयले जनाए अनुसार कटारीका ९ वटा केन्द्रबाट ५ हजार ६८ ले खोप पाउने छन् । त्यस्तै ताप्लीका ५ वटा केन्द्रमार्फत ८ सय ८६ ले खोप पाउने छन् ।

यता सोमबारै देखि सञ्चालन भएको उदयपुर अस्पतालको खोप अभियान १३ गते भने रोकिने भएको छ । हरेक महिनाको १३ गते अस्पतालमा नियमित खोप अभियान सञ्चालन गर्नुपर्ने भएकाले कोविडविरुद्धको खोप सो दिन नलगाइने अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट (मेसु) डा. जीवनारायण मण्डलले बताए । उनका अनुसार १३ गते लगाउने खोप १४ गते लगाउने गरी कार्यतालिका हेरफेर गरिएको छ । खोप लगाउन बाँकी लक्षित बर्गलाई १३ गतेको साटो १४ गते खोप लगाउन आउन आग्रह गरिएको डा. मण्डलले बताए ।

## २ दिनमा ......

। चौदण्डीगढी नगरपालिकामा जम्मा २ हजार ७ सय ३१ ले खोप लगाएको उनको भनाई छ ।

उता बेलका नगरपालिकाले पनि तपेश्वरी, बबला, मैनामैनी र रामपुरस्थित बेलका नगर अस्पतालमा सोमबार र मंगलबार खोप अभियान चलाएको छ । जस अनुसार तपेशवरीमा ६ सय १५, बबलामा ८ सय ७३, मैनामैनीमा १ सय २० र नगर अस्पतालमा ८६ जनाले खोप दिएका छन् । बेलकाका ४ वटै खोप केन्द्रमा गरी १ हजार ७ सय ७४ ले खोप लगाएको सुपरभाईजर निरौताले बताएका छन् ।

उदयपुरगढी गाउँपालिकामा लगाएको खोपको भने यकिन नभएको स्वास्थ्यले जनाएको छ। सञ्चार सम्पर्क हुन नसकेका कारण उदयपुरगढीमा कति खोप लगाइयो भन्ने जानकारी नआईपुगेको सुफरभाईजर निरौताले बताए । उदयपुरगढीमा ७ वटा केन्द्रमा लगाउने गरी २ हजार १ सय ८ डोज खोप पठाइएको उनले बताए ।

सरकारले यसपटकको खोप ५५ वर्षमाथिका उमेर समूह, विश्वविद्यालय तथा विद्यालयका प्राध्यापक, शिक्षक र कर्मचारी, सार्वजनिक यातायातका चालक सहचालकले लिन पाउनेछन् । त्यस्तै नेपाल सरकारले तोकेको अत्यावश्यक सेवाक्षेत्रमा संलग्न खोप लगाउन बाँकी व्यक्तिहरु खोप अनिवार्य गरिएका देशमा रोजगारी वा भ्रमणमा जान अनुमति प्राप्त (भिसा लागेका) व्यक्तिले पनि खोप लगाउन पाउनेछन् ।


# बिके किराना





३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

*प्रोपाइटर* - भरत चामलिङ राई

# १० घण्टा उदयपुरमा बत्ति जानुको कारण यो पो रहेछ ।










श्रेष्ठ, १५ बर्षअघि देखि काम गरिरहेका रामकृष्ण राजधामी, ४ बर्षअघिदेखि काम गरिरहेका उमा यादव र ८ बर्षअघिदेखि काम गरिरहेका ड्राइभर दिपेन्द्र कुमार यादव राति १२ बजे जलजले गयो । जलजले सबस्टेशनमा रहेको कर्मचारीलाई बुझेपनि लहान तर्फनै समस्या भएको बुझेपछि टोली लहानतर्फ राति १२ बजे गयो र बलान नदि आसपासमा समस्या भएको पत्ता लगायो । यतिन्जेल कार्यालय प्रमुख रोशन कुमार सिह टोलीको पेट्रोलिङलाई पर्खिरहेको थियो । राति १२ बजेपछि पानी झन ठुलो पर्यो । इन्जिनियर सत्यनारायण साह को नेतृत्वले राति धेरै कसरत गरेपनि गाईघाटदेखि २९ किलोमिटर दक्षिण सिराहा जिल्लाको लहान बजार नजिक बलान नदिमा बिधुतको अर्थ फेल्ट भएको पत्ता लाग्यो । राति १२ बजे गएको टोलीले बिहान ५ बजे बलान नदीमा तार चुडिएको पत्ता लागेपछि राति गएको ७ जनाको टोलीलाई बिहान थप ५ जनाको टोली पठाई बिहान साढे ९ बजे बत्ति मर्मत सम्भार गरी बत्ति बल्ने बनायो । १० घण्टा बढि बत्ति उदयपुर जिल्ला भर जाँदा समस्या त आयो नै त्यो भन्दा बढि बिद्युत कर्मचारीलाई बढि तनाब आयो । बिधुत प्राधिरण कार्यालय उदयपुरमा सेवाग्राहीको फोन गनिसाध्य आएन् ।

गाईघाटे सेकुवा कर्नर...

सम्पर्क – ९८६२९३६९९० ९८१९७४५०६७
स्थान – गाईघाट टेम्पुचोक



सस्तोमा गिफ्टका सामान र गुडीया



त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड।
प्रोपाईटर : एनुका राई सम्पर्क :- ९८१५७७१०५२

यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री ( गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।

खुवालुङ गुडीया सप्लार्यस

नारायणी ग्यासको अधिकृत बिक्रेता (डिलर),गाईघाट



यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ ।

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान- गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

# साफका खेलहरु पोखरामा हुने

❖ बिबेक राई

*गाईघाट, साउन १२*

अखिल नेपाल फुटबल संघ (एन्फा) का अध्यक्ष कर्माछिरिङ शेर्पाले साफका केहि खेल पोखरामा हुनसक्ने बताएका छन् । मंगलबार पोखरामा पत्रकारसँगको कुराकानीमा उनले सो कुरा बताएका हुन् । पोखरामा केहि कामहरु सम्पन्न गर्न बाँकी भएपनि साफ २०२१ का केहि खेल खेलाउन सकिने बताएका हुन्। साफ २०२१ का धैरजसो खेलभने राजधानीमा नै हुनेछ । नेपालले यहि अक्टोबर महिनामा साफ २०२१ को आयोजना गर्नसक्ने सम्भावना रहेको छ ।

सुरुमा आयोजना गर्ने मौका पाएको बंगलादेशले आयोजना मिति नजिकिँदै गर्दा विभिन्न कारण देखाउँदै पछि हटेको थियो । देशमा कोरेना संक्रमित अत्याधिक बढेको, कोरोनाको असर परेको, आयोजना गर्ने ठाउँ अभाव र मुख्यत: आयोजना गर्नुलाई चाहिने प्रायोजक नै नभेटेको भन्दै बंगलादेशले साफ आयोजना गर्नु नसक्ने बताएको थियो । त्यसपछि नेपाल, भारत र माल्दिभ्सले चाँहि श्रीलंकासँग मिलेर साफ आयोजना गर्नु दाबि पेश गरेको थियो ।

> *सुरुमा आयोजना गर्ने मौका पाएको बंगलादेशले आयोजना मिति नजिकिँदै गर्दा विभिन्न कारण देखाउँदै पछि हटेको थियो। देशमा कोरोना संक्रमित अत्याधिक बढेको, कोरोनाको असर परेको, आयोजना गर्ने ठाउँ अभाव र मुख्यत: आयोजना गर्नुलाई चाहिने प्रायोजक नै नभेटेको भन्दै बंगलादेशले साफ आयोजना गर्नु नसक्ने बताएको थियो । त्यसपछि नेपाल, भारत र माल्दिभ्सले चाँहि श्रीलंकासँग मिलेर साफ आयोजना गर्नु दाबि पेश गरेको थियो ।*

आयोजनाको जिम्मा नेपाललाई दिने भएपछि यहि अक्टोबर महिनामा नेपालले साफ खेलाउने लगभग पक्का भएको छ । तर साफ आयोजना टोलीको पदाधिकारीबीचको अर्को महिना हुने छलफलले निर्णय लिएपछि मात्र नेपालले आयोजना गर्नुपाउने अन्तिम टुंगो लाग्नेछ। नेपालले यसअघि १९९७ को तेस्रो संस्करण र २०१३ को १० औँ संस्करणको आयोजना गरेको थियो। साग गेम्समा नेपालले फुटबलमा स्वर्ण जितेको भएपनि साफ च्याम्पियनपसिपमा सेमिफाइनल पुग्नु नै नेपालको अहिलेसम्मको ठुलो सफलता हो।

उता जापानमा भइरहेको ओलम्पिक्स अन्तर्गत महिला फुटबलमा समुह चरणको सबै खेल सकिएर क्वाटरफाइनल पुग्ने आठवटै टोलीको टुंगो लागेको छ । तीन समुहमध्ये पहिलो समुहबाट बेलायत, क्यानाडा र आयोजक जापान शिर्ष आठ पुग्न सफल भए। समुहको पहिलो खेलमा चिलीलाई २-० र दोस्रो खेलमा जापानलाई १-० ले हराएपछि बेलायतले समुहको अन्तिम खेलअघि नै शिर्ष आठ पक्का गरिसकेको थियो। अन्तिम खेलमा क्यानाडासँग १-१ को बराबरी खेलेपछि बेलायत समुह विजेता बन्यो ।

क्यानाडा पनि पहिलो समुहको उपविजेता बन्दै क्वाटरफाइनल पुग्न सफल भयो। तीन समुहबाट हरेक समुहको शिर्ष दुई र उत्कृष्ट तेस्रो हुने दुई टोलीले क्वाटरफाइनल खेल्न पाउने नियम थियो । यस्तोमा पहिलो समुहमा रहेको जापानलाई आफ्नो अन्तिम खेल जित्नैपर्ने दबाब थियो । नभन्दै मंगलबार चिलीलाई मुस्किलले १-० ले पराजित गरेपछि जापान उत्कृष्ट तेस्रो हुने टोलीको कोटामा पर्दै शिर्ष आठ पुग्न सफल भयो । चिली भने एउटै खेल नजिति समुह चरणबाटै बाहिरियो ।

दोस्रो समुहबाट नेदरल्याण्ड्स र ब्राजिल शिर्ष आठ पुगेका छन्। दुवैको दुई जीत र एक बराबरीले समान सात अंक भएपनि गोलअन्तरमा नेदरल्याण्ड्स समुह विजेता र ब्राजिल समुह उपविजेता चुनिए। एकएक अंक भएका चीन र जाम्बीया समुह चरणबाटै बाहिरिए। तेस्रो समुहबाट स्वीडेन सबै तीन खेल जित्दै नौ अंकसहित समुह विजेता बन्दा अमेरिका र अष्ट्रेलियाको समान चार अंक भएपनि गोलअन्तरमा अमेरिका समुह उपविजेता चुनियो । अष्ट्रेलिया पनि उत्कृष्ट तेस्रो हुने टोलीको कोटामा पर्दै क्वाटरफाइनल पुग्न सफल भयो।





त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटर:-**बिनोदकुमार पाण्डे**
सम्पर्क:- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४, ९८५२८३७५८२





**प्रियंका फैन्सी पसल**


यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

बिक्रिमा

चलिरहेको होटल बिक्रिमा



गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०





माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट